# त्रिभुवन विश्वविद्यालय, चिकित्साशास्त्र अध्ययन संस्थान
# नेपालगंज नर्सिङ्ग क्याम्पस
# स्व.वि.यु. निर्वाचन आचारसंहिता, २०८१

त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थान नेपालगंज नर्सिङ्ग क्याम्पस स्व.वि.यु. निर्वाचन समिति बाँके

निर्वाचन स्वतन्त्र र निष्पक्ष रुपमा सम्पन्न गर्न देहायका कुराहरुको अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

क) क्याम्पसको कम्पाउण्डवालको बाहिरपट्टि, भित्रपट्टि र क्याम्पस परिसरमा भित्ते लेखन (वाल पेन्टिङ) गर्न पाइने छैन ।

ख) निर्वाचनसम्बन्धी तुल, फ्लेक्स र कुनै पनि प्रकारको पोस्टर टाँस्न पाइने छैन ।

ग) त्रि.वि. वा क्याम्पसलाई हानि नोक्सानी हुने कुनै प्रकारको प्रचार प्रसार र अन्य गतिविधि गर्न पाइने छैन ।

घ) क्याम्पसको निर्वाचन समितिमा दर्ता भएका सङ्घ, सङ्गठन, समूह वा स्वतन्त्र उम्मेदवारहरुलाई एउटै मञ्चमा राखी परिचयात्मक कार्यक्रम निर्वाचन समितिले सञ्चालन गर्न सक्नेछ । उक्त कार्यक्रममा एक अर्काप्रति आक्षेप वा आरोप लगाउने वाक्यहरु बोल्न पाइने छैन ।

ङ) प्रत्येक सङ्घ, सङ्गठन, समूह र स्वतन्त्र उम्मेदवारले आफ्नो निर्वाचन घोषणा पत्र र उम्मेदवारको नामावलीको पर्चा (A4 साइजको एकै रङ भएको) मात्रै प्रचार प्रसार गर्न पाइनेछ ।

च) क्याम्पस हाताभित्र माइकबाट कुनै पनि प्रकारको प्रचार प्रसार गर्न पाइने छैन ।

छ) विभिन्न माग राखी वा निर्वाचनको विषयलाई लिएर बन्द हड्ताल गर्न पाइने छैन ।

ज) मतदान हुनुभन्दा ४८ घन्टा अगाडिदेखि निर्वाचनको प्रचार प्रसार गर्न पाइने छैन ।

झ) निर्वाचन प्रचार प्रसारको लागि स्व.वि.यु. निर्वाचन समितिसँग अनिवार्य रुपमा समन्वय गर्नुपर्ने छ ।

ञ) निर्वाचल सँग सम्बन्धित रहेर कुनै पनि संघ/संगठन तथा समुहले कुनै पनि माध्यमहरु (सामजिक संजाल, टेलिफोन, मोवाइल तथा इमेल) मार्फत एक अर्कालाई गाली गलौज, आरोप, प्रत्यारोप गर्न पाईने छैन ।

ट) अचार सहिंता लागु भएपाछि चुनावसँग कुनै पनि गतिविधि संचालन गर्नका लागि क्याम्पसमा नियमित रुपमा अध्ययनरत विद्यार्थीहरु बाहेक अन्य व्यक्ति क्याम्पस परिसरमा प्रवेश गर्नपर्ने अवस्थामा पूर्व अनुमति लिई बढीमा २ जना मात्र प्रवेश गर्न पाउने छ ।

ठ) निर्वाचन सम्बन्धि विषयमा कुनै पनि व्यक्ति वा समुहले क्याम्पसका शिक्षक कर्मचारी वा कुनै अधिकारीक व्यक्तिको नाम लिई भय उत्पन्न गर्न गराउन पाइने छैन ।

ड) निर्वाचनको समयावधि भर विभिन्न बहानामा क्याम्पस होस्टेलमा नबस्ने विद्यार्थीहरु होस्टेल भित्र प्रवेश गर्न पाईने छैन ।

ढ) यो आचार सहिंता सबैले पालना गर्नुपर्नेछ अन्यथा आचार सहिंता उल्लघंन गर्ने व्यक्ति वा समुहलाई कारवाहीको दायरामा ल्याईनेछ ।

...............

सरस्वति नाई

निर्वाचन अधिकृत

नेपालगंज नर्सिङ्ग क्याम्पस

स्व.वि.यु.निर्वाचन समिति